# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ९) मुसिकोट,गुल्मी, माघ१४ गते,२०८२ साल (संख्याः१०

## भाग-२

### मुसिकोट नगरपालिका,गुल्मी

### मुसिकोट नगरपालिकाबाट सञ्चालन गरीने स्वास्थ्य तर्फका नगर अनुदान अन्तर्गतका कार्यक्रम संचालन निर्देशिका, २०८२

मुसिकोट नगर पालिका नगरकार्यापालिकाले बनाएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाबाट सञ्चालन गरीने स्वास्थ्य तर्फका नगर अनुदान अन्तर्गतका कार्यक्रम संचालन निर्देशिका, २०८२

## पृष्ठभूमी

नेपालको संविधान २०७२ मा आधारभूत स्वास्थ्य सेवा जनताको मौलिक हकमा राखिएको छ । मुसिकोट नगरपालिकाले सर्वसाधरण जनतालाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न नगर अनुदान तर्फ सामाजिक विकासमा बजेट विनियोजन गरी स्वास्थ्य सेवालाई प्रबर्द्धन गर्ने काममा अग्रसरता देखाएको छ । सोहि बमोजिम नगर अनुदान तर्फ विनियोजित स्वास्थ्य तर्फको बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## स्वास्थ्य सेवा सँग सम्बन्धित बजेट तथा कार्यक्रम कार्यान्वयन कार्यविधि

### १) स्वास्थ्य संस्थाबाट निशुल्क वितरणको लागि औषधी तथा स्वास्थ्य सामाग्री खरिद, ढुवानी, प्याकिङ, रिप्याकिङ, पूर्वानुमान तथा परिमाण निर्धारण

**उद्देश्यः-** सबै स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारले तोकेबमोजिमका सबै औषधीको आपूर्ति भई नागरीकलाई अत्यावश्यक औषधीहरु निःशुल्क रुपमा उपलब्ध गराउने ।

**खर्च प्रकृयाः-**

(क) आ.व. २०८२/०८३ को लागि आवश्यक निशुल्क वितरण गरीने औषधी तथा स्वास्थ्य सामाग्रीहरुको पूर्वानुमान तथा परिमाण निर्धारण गरी स्वीकृत बजेटको परिधिभित्र रही सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद गर्नुपर्ने ।

(ख) विनियोजित रकमबाट औषधी तथा स्वास्थ्य सामाग्रीहरु ढुवानी, प्याकिङ, रिप्याकिङ, पूर्वानुमान तथा परिमाण निर्धारणमा समेत खर्च गर्न सकिने छ ।

**२) स्वास्थ्यकर्मीहरुको क्षमता विकासको लागि विविध तालिम संचालन तथा तालिम सामाग्री छपाई**

**उद्देश्यः-** स्वास्थ्यकर्मीहरुको क्षमता विकासको लागि विविध तालिमहरु प्रदान गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सक्षम बनाउने ।

**खर्च प्रकृयाः-** मुसिकोट नगरपालिकाको कार्य सञ्चालन निर्देशिका २०८२, भ्रमण खर्च नियमावली २०६४ को परिधिमा रही स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाई आवश्यकता बमोजिमका तालिमहरु सञ्चालन गर्ने र सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार तालिम सामाग्रीहरु खरिद तथा छपाई गर्ने ।

**३) विपद् व्यवस्थापन तथा महामारी रोग नियन्त्रणको लागि र्‍यापीड रेसपोन्स टिम (RRT) परिचालन तथा आकस्मिक औषधी खरिद**

**उद्देश्यः-** विपद्को समयमा तथा महामारी फैलिई नियन्त्रण गर्नु पर्दा अत्यावश्यक तथा आकस्मिक औषधीहरु र र्‍यापीड रेसपोन्स टिम (RRT) निरन्तर तयारी अवस्थामा रहेमा विपद् व्यवस्थापनमा सहज हुने साथै महामारीबाट हुने सम्भावित जटिलतालाई रोकथाम गर्न सकिने ।

**खर्च प्रकृयाः-** सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार अत्यावश्यक तथा आकस्मिक औषधीहरु खरिद गर्ने । मुसिकोट नगरपालिकाको कार्य सञ्चालन निर्देशिका २०८२ को परिधिभित्र रही र्‍यापीड रेसपोन्स टिम (RRT) परिचालन, बैठक तथा खाजा खर्च उपलब्ध गराउने ।

**४) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन खर्च अनुदान**

**उद्देश्यः-** स्वास्थ्य संस्था सञ्चालन तथा भैपरि आउने विभिन्न खर्च व्यवस्थापन गर्न ।

**खर्च प्रकृयाः-** ७ वटा स्वास्थ्य चौकी र २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई वार्षिक रु ६०,०००/- र २ वटा सामुदायिक स्वास्थ्य इकाई र ३ वटा शहरी स्वास्थ्य केन्द्रहरुलाई बार्षिक रु. ४०,०००/- का दरले स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको खातामा नगद अनुदान भुक्तानी दिईनेछ र स्वास्थ्य संस्थामा भैपरी आउने विभिन्न खर्चहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को परिधि भित्र रही तपशिल बमोजिम खर्च गर्न सकिने छ साथै आर्थिक बर्षको अन्त्यमा लेखापरीक्षण, खरिद तथा खर्चको प्रतिवेदन अनिवार्य पेश गर्नुपर्नेछ ।

- स्वास्थ्य संस्था तथा व्यवस्थापन समिति लगायत विभिन्न बैठक संचालन खर्च ।
- मसलन्द तथा स्टेशनरी खर्च ।
- विद्युत, खानेपानी, इन्टरनेट तथा सञ्चार महशुल ।
- अत्यावश्यक औषधी तथा स्वास्थ्य उपकरणहरु खरिद ।
- स्वास्थ्य संस्था प्रमुखहरुलाई ईन्धन र सञ्चार खर्च समेत गरी प्रति महिना रु. १०००।- का दरले उपलब्ध गराउन सकिने ।

**५) बर्थिङ्ग सेन्टरहरुको गुणस्तर सुधारको लागि औषधी तथा औजार खरिद**

**उद्देश्यः-** वर्थिङ्ग सेन्टरहरु संचालनको लागि आवश्यक सामाग्री तथा औषधी खरिद गरी संस्थाहरुलाई उपलब्ध गराउने ।

**खर्च प्रकृयाः-** बर्थिङ्ग सेन्टरहरुलाई आ.व. २०८२/०८३ को लागि आवश्यक औषधी तथा औजारहरुको पूर्वानुमान तथा परिमाण निर्धारण गरी स्वीकृत बजेटको परिधिभित्र रही सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद गर्ने ।

**६) जेष्ठ नागरीक विशेष स्वास्थ्य उपचार कार्यक्रम**

**उद्देश्यः-** ८० वर्ष उमेर माथिका जेष्ठ नागरीकहरुको घरमै स्वास्थ्य चेकजाँच तथा उपचार गर्ने साथै प्रेषण आवश्यक भएमा समयमै सम्बन्धित अस्पतालमा प्रेषण गर्ने ।

**खर्च प्रकृयाः-**

(क) जेष्ठ नागरीकलाई आवश्यक पर्ने औषधिहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद गर्ने ।

(ख) जेष्ठ नागरीकको घरमै गई स्वास्थ्य चेकजाँच उपचार तथा परामर्श गर्ने ।

**७) पालिका स्तरीय बार्षिक/अर्धबार्षिक समिक्षा गोष्ठी सञ्चालन र प्रतिवेदन छपाई**

**उद्देश्यः-** स्वास्थ्य संस्थाहरुले प्रदान गरेको सेवाको समिक्षा, मूल्याङ्कन तथा तथ्याङ्कहरुको विश्लेषण गरी भावी योजना निर्माण गर्ने साथै बार्षिक प्रगति प्रतिवेदन तयार गर्ने ।

**खर्च प्रकृयाः-** नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य संस्थाका प्रमुख, व्यवस्थापन समितिका अध्यक्ष, कार्यपालिका सदस्य, बिषयगत शाखा प्रमुख, स्वास्थ्य कार्यालय प्रमुख र तथ्याङ्क फोकल पर्सन लगायत अन्य सरोकारवालाहरुको उपस्थितिमा बार्षिक समिक्षा गोष्ठी सञ्चालन गर्ने । गोष्ठी सञ्चालन, प्रतिवेदन तयारी तथा छपाई सम्बन्धी खर्च कार्य सञ्चालन निर्देशिका २०८१, मुसिकोट नगरपालिकाको कार्य सञ्चालन निर्देशिका २०८२, भ्रमण खर्च नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को परिधिमा रही खर्च गर्ने ।

**८) MBBS डाक्टरबाट सेवा संचालन**

**उद्देश्यः-** MBBS डाक्टरद्वारा आधारभूत तथा विशिष्टीकृत स्वास्थ्य सेवा जनताको घर दैलोमा सहज रुपमा पुऱ्याउन ।

मुसिकोट राजपत्र

**खर्च प्रकृयाः-** मुसिकोट नगरपालिकाको करार सेवामा जनशक्ति व्यवस्थापन कार्यविधि २०७६ अनुसार मेडिकल अधिकृत नियुक्त गर्ने । मासिक सुविधा कार्यपालिकाको निर्णयानुसार देहायबमोजिम हुने ।

तलब स्केलः- मासिक रु. ४८,७३७।-

खाना, खाजा र वास खर्चः- प्रति दिन रु. १,१००।- (हाजिर भएको दिन मात्र उपलब्ध गराउने)

## ९) फिल्ड कार्यकर्ताहरुको लागि यातायात खर्च

**उद्देश्यः-** निरन्तर फिल्डमा खटिने स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन स्वरुप यातायात खर्च उपलब्ध गराउने ।

**खर्च प्रकृयाः-** गाँउघर क्लिनिक, खोप क्लिनिक, आमा समूहको बैठकमा सहजिकरण, विद्यालय स्वास्थ्य तथा सरसफाई कार्यक्रम तथा अन्य स्वास्थ्यका गतिविधिहरु संचालन गर्न फिल्डमा खटिने फिल्ड कार्यकर्ताहरुलाई यातायात खर्च स्वरुप प्रति वडा २ जना स्वास्थ्यकर्मीहरुलाई फिल्ड कार्ययोजनाको आधारमा प्रति व्यक्ति, प्रति महिना रु. २,२००।- का दरले यातायात खर्च उपलब्ध गराउने ।

## १०) Zero Home Delivery घोषणा तथा निरन्तरता कार्यक्रम

**उद्देश्यः-** मुसिकोट नगरपालिकामा घरमै हुने असुरक्षित प्रसूतिलाई निरुत्साहित गर्नुका साथै संस्थागत प्रसूतिलाई प्रोत्साहित गरी मातृ तथा नवशिशु मृत्यूदर कम गर्ने ।

**खर्च प्रकृयाः-** यस नगरपालिमा पछिल्लो १ बर्षमा सुत्केरी भएका महिलाहरुको घरघरमा गई सर्वेक्षण गरी पूर्ण संस्थागत प्रसूति सेवायुक्त स्थानीय तह र जिल्ला घोषणा तथा सुनिस्चितता सम्बन्धी मापदण्ड, २०८० मा तोकीएका मापदण्डहरु पुरा भएमा पूर्ण संस्थागत प्रसूति सेवायुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्ने । मुसिकोट नगरपालिकाको कार्य सञ्चालन निर्देशिका २०८२ को परिधि भित्र रही घरघुरी सर्वेक्षणको यातायात खर्च, वडा तथा पालिका प्रजनन् स्वास्थ्य समन्वय समितिको

मुसिकोट राजपत्र

बैठक तथा खाजा खर्च र घोषणा सभा सञ्चालन तथा व्यवस्थापन खर्च यसै शिर्षकबाट खर्च गर्न सकिने।

## ११) गर्भवती तथा सुत्केरी महिलाहरुका लागि पोषण खर्च

**उद्देश्यः-** गर्भवती तथा सुत्केरी अवस्थामा हुने कुपोषणबाट बचाउने, मातृ तथा शिशु मृत्यूदर कम गर्न प्रोटोकल अनुसार गर्भवती जाँच दर र संस्थागत प्रसूति दरमा वृद्धि गर्ने।

**खर्च प्रकृयाः-** प्रोटोकल अनुसार ८ पटक गर्भ जाँच गरी मुसिकोट नगरपालिका भित्र रहेका बर्थिङ सेन्टरबाट प्रसूति सेवा प्राप्त गर्ने गर्भवती तथा सुत्केरी महिलाहरुको लागि प्रोटोकल अनुसार ८ पटक गर्भवती जाँच गरेमा गर्भवती पोषण खर्च बापत रु. २,०००।- र नगरपालिका भित्र रहेका बर्थिङ सेन्टरबाट प्रसूति सेवा लिएमा सुत्केरी पोषण खर्च बापत रु. ३,०००।- गरी जम्मा रु. ५,०००।- उपलब्ध गराउने। ८ पटक गर्भ जाँच गरी बर्थिङ सेन्टरबाट प्रेषण नभई आफुखुसी यस नगरपालिका भन्दा अन्यत्र प्रसूति हुन जाने महिलाहरुलाई उक्त रकम उपलब्ध गराउन नसकिने।

## १२. आकस्मिक प्रेषण गर्नुपर्ने अवस्थामा गर्भवती तथा सुत्केरी महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा।

**उद्देश्यः-** गर्भवती तथा सुत्केरी महिलाहरुलाई हुन सक्ने जटिल अवस्थाबाट बचाउनको लागि समयमै गर्भवती तथा सुत्केरी महिलालाई माथिल्लो तहको अस्पतालमा प्रेषण गरी मातृ तथा नव शिशु मृत्युबाट बचाउने।

**खर्च प्रकृयाः-** वर्थिङ सेन्टरमा प्रसुती हुन आउने महिलाहरु प्रसुती सम्बन्धि जटिलताको कारण मातृ तथा नवजात शिशुलाई खतरा हुने देखिएमा वर्थिङ सेन्टमा कार्यरत SBA र सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको सिफारिसमा उक्त वर्थिङ सेन्टरमा प्रसुती गराउन नसकी नजिकैको माथिल्लो तहको अस्पताल (CEONC) मा एम्बुलेन्स द्वारा रिफर गर्नुपर्ने भएमा नजिकको अस्पताल (CEONC) सम्म लैजादाको एम्बुलेन्स भाडा बापतको रकम बिल भरपाइको आधारमा भुक्तानी उपलब्ध गराउने।

## १३. घुम्ति स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन (ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन समेत)

**उदेश्यः-** दुर्गम तथा ग्रामिण क्षेत्रका बस्तिहरुमा अल्ट्रासाउण्ड सेवा मार्फत गर्भवती महिलाहरुमा प्रसूति सम्बन्धी जटिलता पत्ता लगाइ समयमै CEONC Site मा रेफर गरी जटिलताको व्यवस्थापन गरी मातृ तथा नवजात शिशु मृत्युदर घटाउने ।

**संचालन विधिः-**

- तालिम प्राप्त स्टाफ नर्स/अ.न.मी. हरुले यस नगरपालिका भित्रका दुर्गम तथा ग्रामिण क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुमा गर्भवती जाँचका समयमा निःशुल्क अल्ट्रासाउण्ड सेवा कार्यतालिका बनाई सोहि अनुसार सेवा गर्नुपर्नेछ ।

**खर्च प्रकृयाः-**

- ROUSG गर्ने तालिम प्राप्त नर्स/अ.न.मी. /सि.अ.न.मी. र १ जना सहयोगी (हेल्पर) ले नियमानुसार दैनिक भ्रमण भत्ता पाउनेछन् । दै. भ्र. भ. लागु नहुने ठाउँको हकमा तालिम प्राप्त नर्स/अ.न.मी. /सि.अ.न.मी. स्वास्थ्यकर्मीले दैनिक रु. १५००/- का दरले र हेल्परले दैनिक रु. १०००/- का दरले भ्रमण भत्ता तथा अनुगमनकर्ताले प्रतिदिन प्रतिव्यक्ति रु. १०००/- का दरले यातायात खर्च पाउनेछन् ।
- USG गर्ने नर्स र १ जना सहयोगी (हेल्पर) को लागि व्याग, Rain Coat खरिद गर्ने, रजिस्टर/फारम छपाई गर्ने, आवश्यकता अनुसार Gel, Wiper/Towel तथा अन्य सामान खरिद गर्ने ।
- घुम्ति शिवर संचालनको लागि अधिकार प्राप्त अधिकारीको समन्वयमा सवारी भाडामा लिन सकिने ।
- नगर प्रमुख/उपप्रमुख, प्र.प्र.अ., स्वास्थ्य शाखा प्रमुख र MNH फोकल प्रसन तथा अन्य कर्मचारीहरुले आवश्यकता अनुसार अनुगमन तथा निरिक्षण गर्न सक्ने ।

मुसिकोट राजपत्र

- कार्यक्रम संचालन हुँदाको दिनमा सम्बन्धित स्वास्थ्य संस्थाहरुलाई प्रतिदिन प्रति स्वास्थ्य संस्था रु. १०००/- का दरले खाजा खर्च उपलब्ध गराउने ।

## १४. महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको लागि सञ्चार खर्च

**उद्देश्यः-** महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरु मार्फत समुदायमा स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गरी समुदायको स्वास्थ्य प्रवर्द्धन गर्ने ।

**खर्च प्रकृयाः-** प्रत्येक महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रत्येक महिना रु. १००/- का दरले सञ्चार खर्च उपलब्ध गराउने ।

## १५. स्वास्थ्य तर्फका करार कर्मचारीहरुको तलब भत्ता, चाडपर्व खर्च

**उद्देश्यः-** मुसिकोट नगरपालिकाको विभिन्न स्वास्थ्य संस्थाहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई तलव भत्ता, चाडपर्व खर्च उपलब्ध गराउने ।

**खर्च प्रकृयाः-** करार सम्झौतामा उल्लेख भए बमोजिमको तलब भत्ता र चाडपर्व खर्च उपलब्ध गराउने ।

## १६. स्वास्थ्य तर्फका करार कर्मचारीहरुको पोशाक भत्ता

**उद्देश्यः-** मुसिकोट नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई पोशाक भत्ता उपलब्ध गराउने ।

**खर्च प्रकृयाः-** निरन्तर ६ महिना करार सेवामा कार्यरत सबै कर्मचारीहरुलाई चैत्र महिनामा वर्षको एक पटक रु १००००/- पोशाक भत्ता बापत उपलब्ध गराउने ।

## १७. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुका लागि साईनबोर्ड वितरण कार्यक्रम

**उद्देश्यः-** महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको पहिचानको लागि सहज बनाउने ।

मुसिकोट राजपत्र

**खर्च प्रकृया:-** विनियोजित बजेटको परिधि भित्र रही सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम साईनबोर्ड खरिद गरी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई वितरण गर्ने ।

## १८. e-HMIS जडान, नविकरण र ल्याप्टप तथा ट्याव खरिद

**उद्देश्य:-** स्वास्थ्य संस्थाहरुबाट प्रदान गरीने सेवाको विवरणलाई डिजिटाइज गर्ने ।

**खर्च प्रकृया:-** e-HMIS जडान भई सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुमा यस आ.व. मा नविकरण गर्ने साथै बाँकी रहेका स्वास्थ्य संस्थाहरुमा यस आ.व.मा जडान गर्ने र बाँकी रकमबाट e-HMIS सञ्चालनको लागि आवश्यक ल्याप्टप तथा ट्याव बजेटको परिधि भित्र रही सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद गर्ने ।

## १९. कुपोषण खोजपड्ताल, कुपोषण पुनर्स्थापन, पोषण प्रवर्दन र विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत किशोरी आइरन तथा सामुदायिक/निजि विद्यालयमा अध्यनरत विद्यार्थीहरुको लागि वर्षको २ पटक (मंसिर र जेष्ठ) जुकाको औषधी वितरण तथा किशोर Hb Test कार्यक्रम

**उद्देश्य:-**

- समुदायमा रहेका कुपोषित बालबालिकाहरुको पहिचान गरी उपचारको दायरामा ल्याउने ।
- विद्यालयमा अध्यनरत किशोरकिशोरीहरुलाई आवधिक रुपमा जुकाको औषधि खुवाउने ।
- विद्यालय भित्र र समुदायमा रहेका किशोरीहरुलाई साप्ताहिक आइरन चक्की उपलब्ध गराउने र रक्त अल्पता परिक्षण तथा पोषण लेखाजोखा गरी उपयुक्त परामर्श गर्ने ।

**खर्च प्रकृया:-**

- विद्यालयमा अध्यनरत किशोरकिशोरीहरुलाई जुकाको औषधि उपलब्ध गराउन, किशोरीहरुलाई आइरन चक्की उपलब्ध गराउन बिनियोजित बजेटको परिधि भित्र रही सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद गर्ने ।
- मुसिकोट नगरपालिकाको कार्य सञ्चालन निर्देशिका २०८२, भ्रमण खर्च नियमावली २०६४ को परिधिमा रही विद्यालय भित्र र समुदायमा रहेका किशोरीहरुको रक्त अल्पता परीक्षण तथा पोषण लेखाजोखा शिविर सञ्चालन गर्ने ।

## २०. विभिन्न स्वास्थ्य शिविरहरु (नगरस्तर) संचालन खर्च

**उद्देश्यः-** स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बस्तिहरुमा विविध किसिमका स्वास्थ्य शिविरहरु सञ्चालन गरी स्वास्थ्य् सेवाको पहुँचको सुनिश्चितता गर्ने ।

**खर्च प्रकृयाः-** मुसिकोट नगरपालिकाको कार्य सञ्चालन निर्देशिका २०८२, भ्रमण खर्च नियमावली २०६४ को परिधिमा रही स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने । साथै शिविर सञ्चालनको लागि आवश्यक पर्ने औषधि तथा सर्जिकल सामाग्रीहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद गर्ने ।

## २१. महिला सामुदायिक स्वास्थ्य संवयंसेविका कार्यक्रम (वार्षिक समिक्षा, सम्मान र दिवस मनाउने)

**उद्देश्यः-** महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको समिक्षा गरी प्रभावकारी सेवा प्रवाहको लागि प्रोत्साहित गर्ने, उत्कृष्ट कार्य सम्पादन गर्ने स्वय सेविकाहरुलाई सम्मान गर्ने ।

**खर्च प्रकृयाः-** मुसिकोट नगरपालिकाको कार्य सञ्चालन निर्देशिका २०८२, भ्रमण खर्च नियमावली २०६४ को परिधिमा रही वार्षिक समिक्षा कार्यक्रम सञ्चालन गर्ने र

मुसिकोट राजपत्र

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा उत्कृष्ट कार्यसम्पादन गर्ने स्वयंसेविकाहरुलाई सम्मान गर्ने ।

## २२. स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रम संचालन तथा सुदृढिकरण

**उद्देश्यः-** स्वास्थ्य संस्थाहरुबाट प्रदान गरीने सेवाको गुणस्तर वृद्धि गर्ने ।

**खर्च प्रकृयाः-** स्वास्थ्य संस्थाहरुबाट प्रदान गरीने सेवाको गुणस्तर वृद्धिको लागि ६/६ महिनामा मुल्याङ्कन गरी मुल्याङ्कनको क्रममा देखिएका कमिकमजोरिहरु सुधारको लागि कार्ययोजना बनाउने र आवश्यक औजार तथा उपकरणहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद गरी स्वास्थ्य संस्थामा उपलब्ध गराउने ।

## २३. कार्यस्थलमा सुरक्षित तथा मर्यादित महिनावारीको लागि स्यानिटरि प्याड व्यवस्थापन

**उद्देश्यः-** सेवाग्राही तथा कर्मचारीहरुको लागि कार्यस्थलमा निःशुल्क स्यानिटरि प्याड उपलब्ध गराउने ।

**खर्च प्रकृयाः-** मुसिकोट नगरपालिकाको कार्यालय र अन्तर्गत रहेका वडा कार्यालयहरु स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्राहीहरु तथा कर्मचारीहरुको लागि निःशुल्क स्यानिटरि प्याड उपलब्ध गराउनको लागि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद गरी वितरण गर्ने ।

## २४. गर्भवती महिलाहरुको लागि निःशुल्क क्याल्सियम चक्की वितरण कार्यक्रम

**उद्देश्यः-** गर्भावस्थामा क्याल्सियमको अभावको कारणले हुन सक्ने जटिलतालाई रोकथाम गर्न गरी गर्भवती, सुत्केरी र नवशिशुको स्वास्थ्य प्रवर्द्धन गर्ने ।

मुसिकोट राजपत्र

**खर्च प्रकृयाः-** गर्भवतीहरुको लक्षित संख्याको आधारमा आ.व. २०८२/०८३ को लागि आवश्यक क्याल्सिय चक्कीको पूर्वानुमान तथा परिमाण निर्धारण गरी स्वीकृत बजेटको परिधिभित्र रही सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद गर्ने।

## २५. सहुलियतपुर्ण / नगर फार्मेसी संचालनको लागि बिउ पुँजी (Seed Money)

**उद्देश्यः-** नागरीकहरुलाई नगरपालिकाको आफ्नै फार्मेसी मार्फत स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरण गरीने औषधिका अतिरिक्त थप औषधिहरु सुपथ मुल्यमा उपलब्ध गराउने।

**खर्च प्रकृयाः-** नगर कार्यपालिकाबाट कार्यविधि निर्माण गरी कार्यक्रम कार्यान्वयन गरीने।

## २६. निःशुल्क रक्त संचार सेवा कार्यक्रम संचालन

**उद्देश्यः-**

- मुसिकोट नगरपालिकाका नागरीकहरुलाई निःशुल्क रगत उपलब्ध गराउने।
- मुसिकोट नगरपालिकाबाट रक्त सञ्चार सेवाको लागि नगरपालिका भित्र रगत संकलन कार्यमा सहयोग गर्ने।

**खर्च प्रकृयाः-** नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखा अन्तर्गतको रक्त सञ्चार सेवा केन्द्र, बुटवल/भैरहवा सँग भएको सम्झौता बमोजिम मुसिकोट नगरपालिकाका बासिन्दालाई रक्त सञ्चार सेवा केन्द्र बुटवल/भेरहवाले निःशुल्क रगत उपलब्ध गराउने र सो बापतको रकम मुसिकोट नगरपालिकाले रक्त सञ्चार सेवा केन्द्र बुटवल/भेरहवालाई उपलब्ध गराउने। मुसिकोट नगरपालिका गुल्मी र नेपाल रेडक्रस सोसाइटी रुपन्देही बिच मिति २०८१/१२/१८ गतेको सम्झौता बमोजिम अन्य क्रियाकलापहरु सञ्चालन गर्ने।

मुसिकोट राजपत्र

## २७. आकश्मिक स्वास्थ्य सेवाको सहज पहुँचका लागि दुर्गम बस्तिमा स्टेचर वितरण कार्यक्रम

**उद्देश्यः-**

- दुर्गम बस्ति तथा समुदाय स्तरबाट आकस्मिक रुपमा स्वास्थ्य सेवाको पहुँचलाई सुनिश्चित गर्ने।
- बिरामीहरुको स्वास्थ्य अवस्था बिग्रन नदिई छिटोभन्दा छिटो स्वास्थ्य संस्थाहरुसम्म पुर्याउने।

**खर्च प्रकृयाः-** यस नगरपालिका भित्रका दुर्गम बस्ति, स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका बस्ति, यातायातको असुविधा रहेका बस्तिहरु साथै साविकका वडामा कम्तिमा १ वटा स्टेचर उपलब्ध गराउने गरी आवश्यक संख्यामा स्टेचरहरु स्वीकृत बजेटको परिधिभित्र रही सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद गरी वितरण गर्ने।

## २८. बर्थिङ सेन्टरमा विद्युतको व्याकअप जडान

**उद्देश्यः-** बर्थिङ सेन्टरहरुमा २४ सै घण्टा सेवा प्रवाहको लागि निरन्तर विधुतको उपलब्धता सुनिश्चित गर्ने।

**खर्च प्रकृयाः-** यस नगरपालिका भित्र विद्युत व्यापक नभएका बर्थिङ सेन्टरहरुको लागि उपलब्ध बजेटको परिधि भित्र रही सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद गरी बर्थिङ सेन्टरमा जडान गर्ने।

**प्रमाणिकरण मिति**
२०८२।१०।१२

**आज्ञाले,**
**मोहन अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**

**मूल्यरू २०**

मुसिकोट राजपत्र